**आकाशवाणी समाचार- नेपाली**

मितिः ०२ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. १ प्रधानमन्त्री नरेन्द्र मोदीले शंधाई सहयोग संगठन (एससीओ) का सदस्य राष्ट्रहरूलाई आतङ्कवाद विरुद्ध निर्णायक कदम चाल्न आह्वान गर्नुभएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको यशोभूमिमा सेमीकोन इन्डिया २०२५ को उद्घाटन गर्नुहुनेछ।

३. रक्षामन्त्री राजनाथ सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणको प्रशंसा गर्दै यसलाई विश्व पटलमा भारतको कूटनीतिक र रणनीतिक उपस्थितिलाई मजबुत बनाउने दिशामा महत्वपूर्ण कदम भएको बताउनु भएको छ।

४. केन्द्रीय जल शक्ति मन्त्री सीआर पाटिलले स्वच्छ भारत मिशन ग्रामीण र जल जीवन मिशनले देशमा स्थायी स्वच्छता र जल सुरक्षालाई बढावा दिइरहेको बताउनु भएको छ।

५. पुरुष एसिया कप हक्की च्याम्पियनसिपमा भारतले काजाकिस्तानलाई फराकिलो अन्तरले हराएको छ।

**<u>एससीओ पी-एम</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले शंधाई सहयोग संगठन (एससीओ) का सदस्य राष्ट्रहरूलाई आतङ्कवाद विरुद्ध निर्णायक कदम चाल्न आह्वान गर्नुभएको छ। चीनको तियानजिनमा आयोजित शंघाई सहयोग संगठन (एससीओ) शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले सीमापार आतङ्कवादलाई बढावा दिने र समर्थन गर्ने राष्ट्रलाई जवाफदेही बनाउन सदस्य राष्ट्रलाई आग्रह गर्नुभयो।

शिखर सम्मेलनपछि प्रधानमन्त्री मोदी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आर्थिक, वित्तीय र ऊर्जालगायत द्विपक्षीय सहयोगका विषयमा छलफल भएको थियो। उहाँले यी क्षेत्रको निरन्तर वृद्धिप्रति सन्तोष व्यक्त गर्नुभयो। दुवै नेताले युक्रेनको पछिल्लो घटनाक्रमलगायत क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान गरे। श्री मोदीले युक्रेनको द्वन्द्व समाधानका लागि हालैका प्रयासहरूमा समर्थन दोहोर्याउनुभयो।

बाइट

**<u>पुतिन-भारत यूक्रेन</u>**

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शंघाई सहयोग संगठन (एसओओ) को शिखर सम्मेलनमा युक्रेनको संघर्ष समाधानका लागि भारतले गरेको प्रयासको प्रशंसा गर्नुभयो। उहाँले शान्ति स्थापनामा भारत र अन्य रणनीतिक साझेदारहरूको योगदानप्रति गहिरो सम्मान व्यक्त गर्नुभयो। शिखर सम्मेलनका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले शान्तिपूर्ण समाधानका लागि भारतको प्रतिबद्धता र सबै शान्ति प्रयासलाई पूर्ण समर्थन गर्ने प्रतिबद्धता दोहोर्याउनु भएको थियो।

**<u>प्रधानमंत्री - सेमीकॉन इंडिया</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको यशोभूमिमा सेमीकोन इन्डिया २०२५ को उद्घाटन गर्नुहुनेछ। तीन दिने सम्मेलन देशमा बलियो र दिगो सेमीकन्डक्टर इकोसिस्टमलाई अगाडि बढाउने विषयमा केन्द्रित हुनेछ। सेमीकोन इन्डिया कार्यक्रमको प्रगति, आर्टिफिसियल इन्टेलिजेन्समा निर्माण, अनुसन्धान र विकास र नवप्रवर्तन, लगानीका अवसर, राज्यस्तरीय

नीति कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा सत्रहरू आयोजना गरिनेछ। प्रधानमन्त्री मोदीले भोलि सिइओ **गोलमेज सम्मेलन**मा पनि सहभागी हुनुहुनेछ ।

सम्मेलनमा ४८ भन्दा अधिक देशका दुई हजार ५०० भन्दा बढी प्रतिनिधिसहित २० हजारभन्दा अधिकको सहभागिता रहने छ । यसमा ६ देशको गोलमेच छलफल, मंडप र नवाचार विकासका लागि समर्पित पेभेलियनपनि समावेश हुनेछन् । कार्यक्रममा डिजाईन लिंक्ड इन्सेन्टिभ स्किम अन्तर्गतका पहलहरु, नवाचारको विकास, अन्तर्राष्ट्रिय सहकार्य र भारतको सेमीकन्डक्टर क्षेत्रका लागि भावी योजनाहरु बारे छलफल हुनेछ । सेमीकन्डक्टर क्षेत्रमा प्राविधिक प्रगतिको साथ सेमीकन्डक्टर इकोसिस्टमलाई बलियो बनाउन विभिन्न देशका नीतिहरू बढाउने उद्देश्यले विश्वभर आयोजित सेमीकॉन सम्मेलनहरूको उद्देश्य हो।

## राजनाथ सिंह-प्रधानमंत्री चीन यात्रा

रक्षामन्त्री राजनाथ सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणको प्रशंसा गर्दै यसलाई विश्व पटलमा भारतको कूटनीतिक र रणनीतिक उपस्थितिलाई मजबुत बनाउने दिशामा महत्वपूर्ण कदम भएको बताउनु भएको छ । एक सोशल मीडिया पोस्ट गर्दै श्री सिंहले 'प्रधानमन्त्रीको सफल चीन भ्रमण उहाँको कुटनीतिक कौशल र भूराजनीतिक परिस्थितिलाई पुनः आकार दिने र पुनः सन्तुलित गर्ने भारतको क्षमताको प्रमाण रहेको बताउनु भयो । उहाले भन्नुभयो प्रधानमन्त्रीको भ्रमणले शंघाई सहयोग संगठनसँग भारतको सम्बन्ध लाई मजबुत बनाएको तथा प्रधानमन्त्रीको यो भ्रमणले विश्वमा भारतको स्थितिलाई अझ बलियो बनाउनेछ। उहाँले प्रधानमन्त्री मोदीलाई सफल चीन भ्रमणका लागि बधाई दिनुभयो ।

## जल जीवन मिशन

केन्द्रीय जल शक्ति मन्त्री सीआर पाटिलले स्वच्छ भारत मिशन ग्रामीण र जल जीवन मिशनले देशमा स्थायी स्वच्छता र जल सुरक्षालाई बढावा दिइरहेको बताउनु भएको छ। नयाँ दिल्लीमा आयोजित स्वच्छ भारत अभियान ग्रामीण गोलमेच सम्मेलनलाई सम्बोधन गर्दै श्री पाटिलले सामूहिक उपलब्धिको प्रशंसा गर्दै नवाचार, फोहोरबाट ऊर्जा र जलवायुमैत्री सरसफाइमा जोड दिनुभयो । जल जीवन मिशन अन्तर्गत देशका हरेक ग्रामीण परिवारले धाराबाट स्वच्छ पानी पाइरहेका छन् । श्री पाटिलले भन्नुभयो खुला दिसामुक्त प्लस मोडेलले ग्रामीण परिवारहरूको जीवनको गुणस्तर, स्वास्थ्य र गरिमालाई प्रतिबिम्बित गर्दछ।

## सिंधिया- आईटीयू संबोधन

सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले भारत दूरदर्शिता, विश्वास र समावेशी नवाचारमा आधारित नियामक परिवर्तनको विश्वव्यापी मोडेल भएको बताउनु भएको छ । अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आईटीए) ले साउदी अरेबियामा आयोजना गरेको चार दिने विश्वव्यापी नियामक गोष्ठीलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै सिन्धियाले यस्तो बताउनु भएको हो ।

## प्रधानमंत्री - भगवंत मान बातचीत

प्रधानमन्त्री नरेन्द्र मोदीले पञ्जाबका मुख्यमन्त्री भगवंत मानसँग फोनमा कुरा गर्दै पञ्जाबमा वर्षा र बाढीको अवस्थाबारे जानकारी लिनुभयो। आधिकारिक स्रोतका अनुसार चीनबाट दिल्ली आइपुगेलगत्तै मोदीले मानसँग कुरा गरी राज्यलाई सक्दो सहयोग गर्ने आश्वासन दिनुभयो ।

## प्रधान - एनसीईआरटी

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले शिक्षा प्रणालीमा आर्टिफिसियल इन्टेलिजेन्सको डिजिटाइजेसन र एकीकरणको आवश्यकतामा जोड दिनुभएको छ । राष्ट्रिय शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद् (एनसीईआरटी) को ६५ औँ स्थापना दिवससमारोहलाई आज नयाँ दिल्लीमा सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो । सो अवसरमा प्रधानले प्रधानमन्त्री ई–विद्या मोबाइल एप्लिकेसन, दीक्षा २.० र अन्य पहलहरुको शुभारम्भ गर्नुभयो ।

## अफ़ग़ानिस्तान

प्रधानमन्त्री नरेन्द्र मोदी र विदेशमन्त्री सुब्रमण्यम जयशंकरले अफगानिस्तानमा गएको विनाशकारी भूकम्पप्रति दुःख व्यक्त गर्नुभएको छ। श्री मोदीले भन्नुभयो भूकम्प प्रभावित मानिसहरुलाई भारतले सक्दो मानवीय सहायता उपलब्ध गराइरहेको छ। यस्तै विदेशमंत्री जयश्करले भारतले काबुलमा एक हजार परिवारका लागि टेन्ट वितरण गरेको बताउनु भयो । जयशंकरका अनुसार भारतीय मिशनले काबुलबाट १५ टन मानवीय सहायता कुनार पठाएको छ भने भारतबाट थप राहत सामग्री पठाइने भएको छ।

**एसिया कप भारत-काजाकिस्तान फाइनल**

बिहारको राजगीरमा भएको पुरुष एसिया कप हक्की च्याम्पियनसिपमा भारतले काजाकिस्तानलाई १५-० को ठूलो अन्तरले हराएर लगातार तेस्रो जित दर्ता गरेको छ । आफ्नो अन्तिम लिग खेलमा, टिम इंडियाले चारै क्वार्टरमा नियमित अन्तरालमा गोल गर्यो।दुई भारतीय खेलाडीहरूले ह्याट्रिक गरे। अभिषेक र सुखजीत सिंहले मिलेर कुल १५ गोलमा सात गोल गरे। अभिषेकले चार गोल गरे भने कप्तान हरमनप्रीत सिंहले दुई गोल गरे।यो शानदार जितसँगै, भारत अन्तिम लिग खेलमा पूल ए मा नौ अंकका साथ अंक तालिकाको शीर्षमा पुग्यो।

****** ० ******